**गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद**
**Non Resident Nepali Association International Coordination Council**
**संविधान सुझाव समुह, संविधान सम्वन्धी सुझाव संकलन**
**Constitution Recommendation Committee, Suggestions for constitution making in Nepal**

सुझाव दिने = राष्ट्रिय समन्वय परिषद मलेशिया

मिति = २५ अप्रिल २००९ शनिवार

गैर आवासीय नेपाली संघ एनआरएन मलेसिया ले नेपालमा बन्दै गरेको नयाँ संविधान कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा मलेसियामा कार्यरत गैरआवासिय नेपालीहरुको एकथ भेला आयोजना गरी भेलामा व्यक्त भएका समग्र विचारहरुलाई समायोजन गरी तयार पारिएको सुझावहरु ।
स्थानः नेपाल दुतावास क्वालालम्पूर मलेसिया

**व्यवस्थापीकासम्बन्धी**

१। व्यवस्थापीका मजबुत भएको राष्ट्रपति व्यवस्था उपयुक्त हुने । पुनश्चः अधिनायकवादले प्रश्रय नपाओस् भन्नका खातिर सन्तुलन र नियन्त्रण चेक एण्ड व्यालेन्स को प्रावधानलाई महत्वपूर्ण रुपमा समावेश हुनुपर्ने ।

२।१। राष्ट्रपति र स्थानीय निकाय प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा निर्वाचित गर्ने ।

२।२। व्यवथापिकाको निर्वाचन मिश्रित चुनावप्रणालीबाट गर्न उपयुक्त हुने । पुनश्चः राष्ट्रपतिय निर्वाचनमा ५० प्रतिशत मत प्राप्त गर्न अनिवार्य हुने व्यवस्था गर्न उपयुक्त हुने ।

३। व्यवस्थापिको निर्वाचनमा न्यूनतम सात प्रतिशतभन्दा माथि मत प्राप्त गर्ने पार्टीहरुलाई मात्र व्यवस्थापिकामा आपुनो सदस्य पठाउनसक्ने प्रावधान राख्न उपयुक्त हुने ।

**कार्यपालिकासम्बन्धि**

१। वालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा राष्ट्रपतिको निर्वाचन गर्न उपयुक्त हुने ।

२। मन्त्रिपरिषदको गठन राष्ट्रपतिले गर्न उपयुक्त हुने । पुनश्चः मन्त्रिपरिषदको नामावलीसहित कुनैपनि पार्टीले राष्ट्रप्रतिको उम्मेदवार खडा गर्दा उपयुक्त हुने । यसो गर्दा मन्त्रिपरिषदसमेत प्रत्यक्ष निर्वाचित भएको जस्तो भई जनताप्रति मन्त्रिपरिषदको उत्तरदायित्व बढ्ने सुझाव पनि महत्वपूर्ण रुपमा आएको छ ।

३। व्यवस्थापीकाका सदस्यहरु बाहेकका व्यक्ति पनि मन्त्रिमण्डलमा सामेल सक्ने । व्यवस्थापीकाका सदस्यहरु मन्त्रिमण्डलमा सामेल भएको अवस्थामा व्यवस्थापिकाको सदस्यता स्वतः खारेज हुन उचत हुने । मन्त्रिपरिषदका सदस्यहरुलाई व्यवस्थापिकाले अनुमोदन गर्नुपर्ने ।

४। राष्ट्रपतिको पदावधि पाँचवर्षको राख्न उपयुक्त हुने। एकव्यक्ति दुईपटकभन्दा बढि निर्वाचित हुन नपाइने प्रावधान राख्न पर्ने ।

५। राष्ट्रपतिलाई कुनैपनि गलत कार्य गरेको खण्डमा व्यवस्थापिकाका सदस्यहरुकाे सामान्य बहुमतले व्यवस्थापिकामा महाअभियोग दर्ता गर्न सकिने । महाअभियोग दर्ता भइसकेपछि

त्यसलाई पारित गर्न भने दुईतिहाईबहुमत आवश्यक हुने प्रावधान राख्न उपयुक्त हुने । मन्त्रिमण्डलका सदस्यहरुको हकमा पनि राष्ट्रपतिकै प्रावधान राख्न सकिने ।

६। पार्टीहरु आर्थिकरुपमा पारदर्शी हुनुपर्ने । पार्टीहरुले कार्यकारी वा व्यवस्थापिकाको उम्मेदवार खडा गर्न पार्टीभित्रै लोकतान्त्रिक प्रक्रिया अवलम्बन गर्नुपर्ने । पार्टीहरुको नेतृत्व समावेशी बनाइनु पर्ने।

**संघीयता सम्बन्धि**

१। देशको अखण्डता अक्षुष्ण रहनेगरी पर्यावरण भूगोल आर्थिक तथा प्राकृतिक श्रोत सम्पन्नता एवं जातीयताको मिश्रितआधारमा निश्चित राज्यहरुको व्यवस्था गर्न उपयुक्त हुने ।

२। रक्षा अर्थनीति परराष्ट्र नीति र शिक्षा देशको महत्वपूर्ण प्राकृतिक साधनश्रोत उपयोग राज्यहरुबिचको सम्बन्ध आदि केन्द्रीयसरकारको नियन्त्रण रहनुपर्ने ।

३। स्थानीय श्रोत साधनको परिचालन समुदायको विकास स्थानीय शिक्षा स्वास्थ्य दैनिक जनजीवनमा आवश्यक पर्ने अन्य कार्य आदिमा स्थानीय सरकारको नियन्त्रण रहनुपर्ने ।

**समावेशीकरणसम्बन्धि**

१। दीर्घकालिनरुपमा आरक्षणको व्यवस्था गर्नु भन्दा पिछडिएका वर्ग महिला अवसरबाट वंचित सिमान्तकृत समूहहरुलाई शिक्षा स्वरोजगार वृतिविकास आदिमा बढि जोड दिई कार्यक्रम तथा योजना बनाउने ।

२। सबैलाई समान शिक्षा प्रदान गर्ने रणनीतिका साथ शिक्षाको पहुँचबाट टाढा रहेका समुदायलाई सर्वसुलभ रुपमा शिक्षा दिने व्यवस्था अल्पकालको गर्नुपर्ने ।

**गैर आवसीय नेपाली सम्बन्धि**

गैरआवासीय नेपालीहरुलाई देशको राजनीतिक आर्थिक सामाजिक सांस्कृतिक सम्वृद्धि र सन्तुलन कायम गर्न निश्चित सर्तहरु पूरा गर्नेगरी दोहोरो नागरिकता प्रदान गर्न सकिने प्रावधान राख्न उपयुक्त हुने ।

**विषय प्रवेशकर्ता**

व्यवस्थापिका सम्बन्धिः डा. मिन श्रेष्ठ
कार्यपालिकासम्बन्धिः जगन चापागाइँ
संघीयता सम्बन्धिः डा झरेन्द्र पन्त
समावेशी सम्बन्धीः डा खेमनाथ घिमिरे

गैरआवासीय नेपाली सम्बन्धिः दिनेशकुमार शाह

माइन्यूटकर्ता
इन्द्र नारथुङ्गे
देवेन्द्र सुर्केली